annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७ पृष्ठ ८ | काठमाडौं, शनिबार ३ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | SATURDAY, MAY 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# सुन्दरताको भण्डार सारा, के खनाया यसै रारामा राराकी अप्सरा

स्वर्गकी अप्सरा, अर्थात् रारा। रंगीबिरंगी फूलले ढकमक्क ढाकिन थालेकी छिन्। अर्थात्, नवदुहली झैं सिंगारिँदै छिन्। अप्सराको सुन्दरतासँग मन्त्रमुग्ध भएर कस्तुरी मृग, रुतुवा र डाँफे नाच्दै-रमाउँदै छन्। चराचुरुंगी गीत गाउन थालेका छन्। रारा रूप फेरेको फेर्‍यै छिन्। सुन्दरताको मदहोशले उन्मुक्त छिन्। प्रतिक्षामा छिन्- पर्यटकको। जेठदेखि साउनसम्म राराको रूपै मोहनीलाग्दो। अप्सराको सुन्दरतासँग स्पर्श गर्न आउने होइन त, रारा ?

समाचार पृष्ठ २


बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

## भित्री पृष्ठ



रैथाने गीत, रैथाने बाली - पृष्ठ ३





गीतसंगीतमा सायमी साहस - पृष्ठ ४



मेघौली : अ भर्जिन डेस्टिनेसन - पृष्ठ ५




प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग भारतका वातावरण मन्त्रीको भेट - पृष्ठ ७

# 'हिमालको जीवन्तताले आधा संसारलाई बचाएको छ'

## सगरमाथा संवाद सुरु

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले हिमाल जोगाउनु भनेको पृथ्वी, महासागर र स्वयं मानवता जोगाउनु भएको बताएका छन्। अन्तर्राष्ट्रिय सगरमाथा संवादको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले जलवायु परिवर्तन 'अब सुदूरको खतरा मात्र नभई हाम्रो समयको सबैभन्दा ठूलो चुनौती' भएको बताए। 'हिमालहरू टाढाका लाग्न सक्छन्, तर तिनीहरूको जीवन्तताले आधा संसारलाई बचाएको छ,' प्रधानमन्त्री ओलिले भने, 'हिमाल जोगाउनु भनेको पृथ्वी, महासागरहरू र स्वयं मानवता जोगाउनु हो। जलवायु परिवर्तन अब सुदूरको खतरा मात्र नभई हाम्रो समयको सबैभन्दा ठूलो चुनौती हो।'



उनले जलवायु परिवर्तनमा कम भूमिका खेल्ने देशहरू अहिले यसबाट बढी पीडित भएको स्पष्ट पारे। 'ती हिमाली र कम विकसित राष्ट्रहरूमध्ये नेपाल पनि एक हो,' ओलीले भने, 'यो संकट ल्याउनमा खासै भूमिका नभए पनि वर्षा अनिश्चित बन्दै गइरहेको, पहिरोहरूले घर-बास बगाइरहेका, बाढी र खडेरी अकस्मात आउने समस्या भोगिरहेको छ। यसमा सबै मिलेर अघि बढ्नु नै सगरमाथा संवादको मुख्य उद्देश्य हो।' हिमाल जोगाउन नवीन संकल्प, साहसी विचार, नयाँ लगानी, क्षेत्रीय र विश्वव्यापी स्तरमा गहन सहकार्य आवश्यक रहेको ओलीले बताए।

बाँकी पृष्ठ ६

## वैश्विक जलवायु संकटलाई सम्बोधन गर्न भारत तयार

भारतका पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भुपेन्दर यादवले सीमा पार संरक्षण प्रयासहरूलाई बढाउनुपर्ने बताएका छन्। शुक्रबारबाट सुरु भएको सगरमाथा संवादको उद्घाटन सत्रमा मन्त्री यादवले सबै हिमाली देशहरूलाई अन्तर्राष्ट्रिय बिग क्याट्स एलायन्सअन्तर्गत सहयोग गर्न आह्वान पनि गरे।

उनले कमजोर पर्वतीय पारिस्थितिक प्रणालीको संरक्षणका लागि 'वैश्विक कारबाहीका लागि पाँचबुँदे आह्वान' पनि गरे। मन्त्री यादवले वैश्विक जलवायु कारबाहीप्रति भारतको अटल प्रतिबद्धता रहेको बताए। हिमालय र अन्य पर्वतीय पारिस्थितिक



प्रणालीहरूको सुरक्षाका लागि सहयोगी प्रयासहरूको आवश्यकतामा जोड दिए। उनले वैश्विक जलवायु संकटलाई सम्बोधन गर्न भारत तयार रहेको पनि बताए।

बाँकी पृष्ठ ६

## हावाहुरीबाट नवलपरासीमा २ को मृत्यु

**हरि शर्मा** | *नवलपरासी*

शुक्रबार दिउँसो आएको पानीसहितको हावाहुरीका कारण नवलपरासीमा दुई जनाको मृत्यु भएको छ। तीनको अवस्था गम्भीर छ।

मृत्यु हुनेमा ३० वर्षीय मीरा बयम्बु र ४० वर्षीय दुर्गाबहादुर पुन छन्। गम्भीर घाइते हुनेमा ४० वर्षीय नरमती परियार, ५१ वर्षीय दुर्गेश्वर खाम्चा मगर र २२ वर्षीय अनिल थापा छन्। उनीहरू सबै सुनवल नगरपालिका-७ ज्यामिरेका हुन्। गम्भीर अवस्थामा रहेका घाइते सबैको देवदह मेडिकल कलेजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

दिउँसो साढे ४ बजे पानीसहित हावाहुरी आएपछि जोगिनका लागि उनीहरू सुनवल नगरपालिका-७ स्थित प्रतीक्षालयमा बसेका थिए। हावाहुरीका कारण नजिकै रहेको रूख ढलेर प्रतीक्षालयमाथि बज्रेको थियो। कमजोर अवस्थामा रहेको प्रतीक्षालयको छत खसेर च्यापिएपछि उनीहरूको मृत्यु भएको थियो।

### निजामती विधेयक समितिबाट पारित

# के–के भए नयाँ व्यवस्था ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मुलुकको निजामती प्रशासनमा कुलिङ पिरियडको व्यवस्था लागू हुने भएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले शुक्रबार सर्वसम्मत पारित गरेको संघीय निजामती सेवा विधेयकमा कुलिङ पिरियड २ वर्ष राख्ने व्यवस्था गरिएको छ। कुलिङ पिरियडको विषयमा समितिमा लामै बहस भयो। अर्थात्, निजामती सेवाबाट निवृत्त भएको कति वर्षपछि कर्मचारीले 'राजनीतिक र संवैधानिक नियुक्ति' पाउने भन्नेमा विवाद थियो।

उच्चपदस्थ कर्मचारीहरू कुलिङ पिरियडको पक्षमा थिएनन्। तर, कर्मचारी र राजनीतिक नेतृत्वको लामै गलफतीबीच शुक्रबारको समितिबाट कुलिङ पिरियड २ वर्ष राख्ने सहमति सहितको संघीय निजामती सेवा विधेयक पारित भएको छ।

**अब अतिरिक्त सचिव**

निजामती प्रशासनमा पुन: अतिरिक्त सचिवको व्यवस्था हुने भएको छ। राजपत्रांकित विशिष्ट श्रेणीअन्तर्गत तेह्रौं तहमा अतिरिक्त सचिव राख्ने विषयमा सहमति जुटेको छ। सहसचिवभन्दा माथि र सचिवभन्दा तल अतिरिक्त सचिव रहुनेछन्। अतिरिक्त सचिव तेह्रौं तह हुनेछ। १४औं तहमा सचिव र १५औं तहमा मुख्य सचिव हुनेछन्। यी तीन पद राजपत्रांकित विशिष्ट पदअन्तर्गत रहने छन्। ११औं र १२औं तहका सहसचिवको व्यवस्था हुनेछ।

अतिरिक्त सचिवको व्यवस्था पञ्चायत र बहुदलको सुरुवातको अवस्थामा थियो। पछि हटाइएको थियो। पुन: अतिरिक्त सचिवको व्यवस्था गरिएको छ। यो ऐन प्रारम्भ भएपछि पहिलोपटक अधिकृत तेह्रौं तहको दरबन्दी कायम गर्दा नेपाल सरकारले तीन महिनाभित्र यो दरबन्दी रहने निकाय यकिन गरी दरबन्दी कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

अतिरिक्त सचिवको सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायले यो ऐन प्रारम्भ भएको दुई महिनाभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय समक्ष पेस गरी सक्नुपर्ने छ। अधिकृत तेह्रौं तहको दरबन्दी कायम गर्दा वा सिर्जना गर्दा जुन सेवाको समूहीकरण (क्लस्टर) अन्तर्गत दरबन्दी कायम भएको हो सो समूहीकरण (क्लस्टर) अन्तर्गतको कम्तीमा त्यति नै संख्यामा अधिकृत चौधौं तह वा राजपत्रांकित प्रथम श्रेणीको दरबन्दी कटौती गर्नुपर्ने प्रावधान पनि गरिएको छ।

- २ वर्ष कुलिङ पिरियड
- ६० वर्ष उमेरहद
- अतिरिक्त सचिव रहने,
- महिलाको प्रवेश उमेर घटाइयो
- सहसचिवको खुला प्रतिस्पर्धा
- श्रेणी र तहगत दुवै व्यवस्था
- मुख्य सचिव र सचिवको कार्यकाल घट्यो
- स्थानीय तहका कर्मचारीको एक पटक अन्तर प्रदेश सरुवा
- उपसचिवमा आन्तरिक प्रतिस्पर्धा गर्न ७ वर्ष
- प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाबाट
- दुईपटक मात्र आरक्षण
- महिलाका पनि समावेशी

**उमेरहद ६० वर्ष**

निजामती कर्मचारीको अवकाशको उमेर हद ६० वर्ष हुनेछ। यसअघि ५८ वर्ष थियो। चरणबद्ध रूपले लागू हुने भएको छ। विधेयक पारित भएको आर्थिक वर्षमा ५८ वर्षमा नै अवकाश हुने, दोस्रो वर्ष ५९ वर्षमा र तेस्रो वर्षदेखि ६० वर्षमा अवकाश हुने गरी नयाँ व्यवस्था गरिएको छ।

६० वर्ष पुर्‍याउँदा त्यसको मोडालिटीका सम्बन्धमा लोक सेवा आयोगले कार्ययोजनासहित सुझाव थियो। आयोगले पहिलो ६ महिना, त्यसपछि १ वर्ष र अन्तिममा ६ महिना गरी २ वर्ष थप गर्न सुझाव दिएको छ। उसले यस्तो सुझाव दिनुका पछाडि अहिलेको भर्ना छनौट र वृत्ति विकासको प्रक्रिया नरोकियोस् भन्ने देखिएको छ।

बाँकी पृष्ठ ६

"Drive Green, Breathe Clean"